# मानव बेचबिखन नियन्त्रण सम्बन्धी रणनीतिक कार्ययोजना

**खजुरा गाँउपालिका**
**बाँके**

## विषयसूची

१. परिचय ........ 2
२. परिभाषा ........ 3
३. वर्तमान अवस्था ........ 6
४. रणनीतिक योजनाको आवश्यकता ........ 8
५. रणनीति कार्ययोजनाका सिद्धान्तहरू ........ 9
६. दूरदृष्टि ........ 10
७. ध्येय ........ 10
८. लक्ष ........ 10
९. उद्देश्य ........ 10
१०. रणनीति तथा कार्यनीतिहरू ........ 10
११. जोखिम तथा न्यूनीकरण ........ 16
१२. मानव बेचबिखन विरूद्ध रणनीतिक कार्ययोजना २०७८-२०७९ देखि २०८२-२०८३ ........ 17

## १. परिचय

**मानव बेचबिखन तथा ओसारपसार समाजका बेरोजगार, विपन्न, दमीत र विस्थापनको स्थितिमा बाँचेका जोखिम समूहमाथि शोषण गर्ने उद्देश्यले संगठित वा असंगठित अपराधिक गिरोहद्वारा सञ्चालन गरिने एक गैरकानूनी र अपराधिक क्रियाकलाप हो। मानव बेचबिखनलाई आधुनिक युगको दासता पनि भन्ने गरिन्छ।**

**विश्वका प्रायः सबै मुलुकहरूमा मानव बेचबिखनको समस्या विभिन्न आवरणमा व्याप्त छ । कल्याण, हेरचाह, बैकल्पिक स्याहार वा धर्मपुत्र-धर्मपुत्रीका नाममा धेरै बालबालिकाहरू व्यावसायिक यौन शोषण र श्रम शोषणको शिकार हुने गरेका छन् । अतिथि सत्कार, ग्राहकको मनोरञ्जन, यौन पर्यटन आदिका नाममा महिला तथा**

किशोरीहरूलाई व्यावसायिक यौन शोषणमा बाँच्न बाध्य तुल्याइएको छ । महिला तथा पुरुषहरू वैदेशिक रोजगार र आप्रवासनका नाममा मानव तस्करीको बाटो हुँदै यौन तथा श्रम शोषणमा पर्ने गरेका छन् । यौन व्यापारलाई बैध मान्ने मुलुकहरूमा समेत यौन कार्यमा संलग्न गर्ने गराउने उद्देश्यले महिला तथा किशोरीहरू बेचिन पुगेका छन् । धर्म, परम्परा र कानूनले बेश्यालयहरू निषेध गरेको भए तापनि मुलुकहरूमा विभिन्न आवरणमा कोठीहरू सञ्चालनमा छन् जहाँ पुरुष ग्राहकहरूको मनोरञ्जनका लागि महिला तथा किशोरीहरूको मोलमोलाई भइरहेको छ । कतै विवाहको नाममा, कतै मानव अङ्ग प्रत्यारोपणको बहानामा, कतै सर्कस र मनोरञ्जन त कतै उद्योग, कृषि, घरेलु, मानवीय उद्धार वा सहायताको काममा शोषण गर्ने उद्देश्यले आधुनिक विश्वमा मानव बेचबिखन तथा ओसारपसारको समस्या झन् झन् पेचिलो बन्दैछ ।

संयुक्त राष्ट्र संघीय लागू औषध तथा अपराध नियन्त्रण सम्बन्धी कार्यालय (United Nations Office on Drugs and Crime) द्वारा प्रकाशित एक प्रतिवेदनले मानव बेचबिखनका दृष्टिले १३७ वटा मलुकहरूलाई श्रोत (origin), मार्गस्थ (transit) र गन्तव्य (destination) भनी तीन खेमामा विभाजन गरिएकोमा नेपाललाई मानव बेचबिखन धेरै हुने श्रोत मुलुकको पंक्तिमा राखेकोछ । यसका साथै अन्य विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले पनि बेचबिखनको सवालमा नेपाललाई मूलतः श्रोत मुलुककै दर्जा दिएको पाइन्छ ।

नेपालको सन्दर्भमा विगतमा मानव बेचबिखन गर्ने दलालहरूको चलखेलमा भारत केन्द्रविन्दु भई काठमाण्डौं उपत्यका वरपरका जिल्लाहरूबाट हुने गरेको नेपाली चेलीबेटीहरूको बेचबिखन तथा ओसारपसार वर्तमानमा मानव तस्करहरू समेतको सञ्जालको विस्तारले आन्तरिक शहरबजार देखि छिमेकी मुलुकहरू हुँदै समुन्द्र पारीका मुलुकहरूसम्म फैलन पुगेको छ । बेचबिखन र तस्करीका भर्नाकर्ताहरूले लिङ्ग र उमेरका हिसावले महिला, किशोरी, बालक र पुरुषलाई पनि छोडेका छैनन् । बेचबिखनको स्वरूप पहिला भन्दा तुलनात्मक रूपले भिन्न भएको छ । तथापि विभिन्न प्रयोजनको नाममा मानव बेचबिखन र मानव तस्करी फस्टाई रहेको अवस्था छ । बालश्रम, घरेलु कामदार, बाल विवाह, वैदेशिक रोजगार आदिका आवरणमा बेचबिखन हुने वा बेचबिखनको जोखिम बढ्ने गरेको पाइन्छ । अन्तर्राष्ट्रिय श्रम तथा यौन बजारमा मात्र होइन आन्तरिक बजारमा समेत आधुनिक युगको दासता झल्किने गरि बेचबिखनको समस्या विद्यमान छ ।

यसै परिप्रेक्षमा बैजनाथ नगरपालिकाले स्थानीय सरकार कार्यविधि ऐन, २०७४ ले दिएको अधिकार भित्र रही उप-महानगरपालिकालाई सन् २०३० सम्ममा पूर्णरूपमा मानव बेचबिखन मुक्त नगरपालिका बनाउने उद्देश्यले यो "बैजनाथ नगरपालिकाको मानव बेचबिखन विरूद्धको रणनीतिक कार्ययोजना २०७६-८०" कार्यान्वयनमा ल्याएको छ ।

## २. परिभाषा

मानव बेचबिखन बारे अन्तरदेशीय संगठित अपराध बिरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको पुरक दस्तावेजको रूपमा रहेको "मानव बेचबिखन विशेष गरि महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधिन आलेख, २०००" (यसलाई पालेर्मो प्रोटोकल पनि भन्ने गरिन्छ) ले गरेको परिभाषालाई विश्वव्यापी रूपमा स्वीकार गर्ने गरिएको छ । सो आलेखका अनुसार मानव बेचबिखन भन्नाले "शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरि, कब्जा गरि जालसाजी गरि, छलछाम गरि, पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरि वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनेलिने गरि व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने कार्यहरू हुन् । शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण,

बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमाराकमारी बनाउनु वा मानव अङ्ग झिक्नु” हो ।[1] पालेर्मो प्रोटोकलको उक्त परिभाषा अनुसार मानव बेचबिखनका अन्तरनिहित तीनवटा मुख्य तत्वहरू छन् ।[2]ती हुन् :

(१) कार्य (The Act) : (के गरिन्छ ?) व्यक्तिलाई भर्ना गर्नु, ओसारपसार गर्नु, स्थानान्तरण गर्नु, आश्रय/प्रश्रय दिनु वा प्राप्त गर्नु ।

(२) माध्यम (The Means) : (कसरी गरिन्छ ?) धम्की वा बलको प्रयोग गरेर, बलजफ्ती गरेर, अपहरण गरेर, जालसाजी गरेर, धोखा/फरेबको माध्यम प्रयोग गरेर, पद, शक्ति वा जोखिमी अवस्थाको दुरूयोग गरेर वा पीडित/प्रभावित व्यक्तिमाथि नियन्त्रण राख्ने व्यक्तिलाई रकम वा लाभ लिनु दिनु गरेर ।

(३) उद्देश्य (The purpose) : (किन गरिन्छ ?) शोषण गर्ने उद्देश्यले यसमा अरूलाई वेश्या बनाएर शोषण गर्ने, यौन शोषण गर्ने, बलपूर्वक श्रमशोषण गर्ने, दास बनाउने वा दासत्वजन्य व्यवहार गर्ने, मानव अङ्ग झिक्ने र अन्य प्रकारका शोषण गर्ने ।




मानव बेचबिखन बारे बुझ्न जरूरी थप कुराहरू हुन् : (क) यो सिमा वारपार हुनै पर्ने घटना होइन, छिमेकी, तेस्रो मुलुक वा मुलुक भित्रै भइरहने घटना हो, (ख) यौन शोषणका लागि मात्र महिला र बालिकाको बेचबिखन हुन्छ भन्ने होइन, अन्य विभिन्न प्रकारका शोषण गर्ने उद्देश्यका लागि अरूको पनि बेचबिखन हुन्छ, (ग) यसबाट महिला र बालिकाहरू मात्र पीडित हुन्छन् भन्ने होइन, बालबालिका, महिला एवं पुरुषहरू र उनीहरूको परिवार पनि पीडित हुन्छन्, (घ) संगठित अपराधिक गिरोहको संलग्नता भएर वा नभएर पनि बेचबिखन हुने गर्दछ ।

वर्तमान विश्वमा “मानव बेचबिखन” र “आधुनिक युगको दासता” लाई पर्यायका रूपमा प्रयोग गर्ने गरिन्छ । “आधुनिक युगको दासता” एक वृहद अर्थ राख्ने शब्दावली हो । यसले मानव बेचबिखनको अवधारणालाई समेट्नुका साथै दासताको ऐतिहासिक पक्ष र बर्तमान प्रकृति वीच रहेको भिन्नतालाई पनि स्पष्ट पार्नमा मद्दत गर्दछ । दासता र बेचबिखन एक आपसमा नजिकको अर्थ राख्ने शब्दावलीहरू हुन् । दासता र बेचबिखनलाई व्यक्तिले भोगेका अनुभवहरूको आधारमा विभिन्न प्रकारले व्याख्या गर्ने गरिन्छ - (क) गतिशीलताका आधारमा आन्तरिक तथा बाह्य भनी, (ख) यौन तथा गैरयौन कार्यका आधारमा श्रम शोषण वा यौन शोषण वा अङ्ग प्रत्यारोपण भनी, (ग) उमेरका आधारमा बालबालिका तथा वयस्क भनी र (घ) स्वीकृतिका आधारमा स्वेच्छा वा बलपूर्वक भनी ।संयुक्त राज्य अमेरिकाको विदेश विभाग, Free the Slaveलगायतका विभिन्न अन्तर्राष्ट्रिय सघसंस्थाले उल्लेख गरे अनुसार आधुनिक

[1] Protocol to Prevent, Supress and Punish Trafficking in Persons (Trafficking in Persons Protocol), 2000

[2] https://www.unodc.org/unodc/en/human-trafficking/faqs.html#How_widespread_is_human_trafficking

दासताका विभिन्न स्वरूपहरू निम्न अनुसार ६ प्रकारका छन्[3] :

(१) करारको आवरणमा दासता (Contract Slavery) : यसलाई अर्को शब्दमा बलपूर्वकको काम (Forced Labour) पनि भन्ने गरिन्छ । यस प्रकारको दासतामा कामदारहरू झुठो रोजगारीका सम्झौताद्वारा दासतामा पर्ने गरि ठगिएका हुन्छन् । सक्कली काम दिने भनी प्रतिबद्धता देखाई उनीहरूलाई ललाईफकाई दास बनाइन्छ । उदाहरणका लागि साउदी अरब, कतार लगायतका अरब मुलुकहरूमा निर्माण सम्बन्धी परियोजनाहरूले विभिन्न सुविधाहरू दिने भनी आप्रवासी कामदारहरूलाई फकाएका हुन्छन् । जब उनीहरू परियोजना स्थलमा आइपुग्छन् उनीहरूको पासपोर्ट लगायतका कागजातहरू कब्जामा लिइन्छ र उनीहरूलाई परियोजना समाप्त नभएसम्म यताउता घुम्न र हिंड्न दिइँदैन । उनीहरूलाई थोरै पारिश्रमिक दिइन्छ र भाग्ने, उम्कने प्रयास गरेमा उनीहरूको जीवन जोखिममा पर्ने खतरा रहन्छ । अरब मलुकहरूमा प्रचलनमा रहेको “कफाला” प्रणाली यसका ज्वलन्त उदाहरण हुन् ।

(२) कबुलीयती ऋणका कारण दासता(Debt Bondage) : यसलाई अर्को शब्दमा बँधुवा मजदूर (Bonded Labour) पनि भन्ने गरिन्छ । यस किसिमका दासत्व चर्को व्याज दरमा ऋण लिनेदिने गरि मञ्जुर हुने ऋणदाता र ऋणीका कारण प्रचलनमा रहेको पाइन्छ । यस प्रकारको दासता स्वीकार गर्ने ऋणीले जीवनभर काम गरेर पनि ऋण चुक्ता गर्न नसक्ने अवस्थामा पुग्दछ । चर्को व्याजका कारण साँवा कहिलै चुक्ता नहुने भई ऋणीको आफ्नो मृत्यु पछि पनि उनका सन्तान दरसन्तानले पुस्तौंसम्म दास बन्नु पर्ने अवस्था आउँछ । यस किमिमको दासताले सो परिवारलाई पुस्तौनी गरिबी (intergenerational poverty) मा ढकेल्छ । अझै पनि धेरै मुलुकहरूमा जमिन्दार वा धनी व्यक्तिका घरमा बँधुवा मजदुरका रूपमा घरेलु काम गर्न गरिब परिवारका महिला, पुरुष र बालबालिकाहरू बाध्य छन् ।



(३) घरेलु दासता (Domestic Servitude) : व्यक्तिलाई निजी घरमा अनिच्छित रूपले काममा लगाई शोषण गरिने हुँदा घरेलु दासता एक प्रकारको मानव बेचबिखन हो । यस प्रकारको दासतामा विशेष गरि महिलाहरूलाई नोकरको रूपमा राखी घरको चारदीवारी भन्दा बाहिर जान दिइँदैन र उनीहरूलाई ज्यादै थोरै पारिश्रमिक दिइन्छ । अनौपचारिक रूपमा काममा लगाइने हुँदा श्रम ऐनले पनि छुँदैन र श्रम निरीक्षकहरूको आँखा पुग्दैन । यदि महिलाहरू घरबाट बाहिर गएमा पक्राउ गर्ने वा देश निकाला गर्ने सम्मको अधिकार मालिकले प्राप्त गरेको हुन्छ । साथै उनीहरू यौन दूर्व्यवहार, हैरानी, शोषण वा बलात्कार लगायतका घटनाहरूबाट पीडित समेत हुने गर्दछन् ।



(४) यौन कार्यका लागि बेचबिखन (Sex Trafficking) : महिला, पुरुष वा बालबालिकालाई बलपूर्वक, धोखा दिई, करकापमा पारी वा ललाईफकाई यौन पेशा वा व्यवसायमा संलग्न गराइन्छ भने बेचबिखनबाट पीडित हुन्छ । यसमा जालसाजी, डर धम्की, प्रलोभनको प्रयोग वा जोखिमी अवस्था वा शक्तिको दुरूपयोग हुने हुँदा व्यक्तिको सहमति वा स्वेच्छा भन्ने कुरै हुँदेन । बालबालिकाको उमेर १८ वर्ष कायम गरिएको सन्दर्भमा झन् उनीहरूको सहमती भन्ने सवाल नै असान्दर्भिक हुन्छ । विश्वभरी नै व्यावसायिक यौन शोषणका लागि र



[3] https://www.antislavery.org/slavery-today/modern-slavery/;http://www.endslaverynow.org/learn/slaverytoday; https://www.theguardian.com/global-development/2013/apr/03/modern-day-slavery-explainerhttps://www.state.gov/j/tip/what/

यौनकर्मी बनाउनका लागि विशेष गरि महिला तथा बालिकाहरूको बेचबिखन विभिन्न आवरणमा बढ्दो क्रममा रहेको छ । यस प्रकारका घटनाहरूमा ललाईफकाई वा डरत्रासको वातावरण सिर्जना गरि वा रकम लेनदेन गरि बलपूर्वकको यौन कार्यमा लगाउने,

राम्रो काम दिन्छु भनी मनोरन्जन क्षेत्रमा यौन पेशामा संलग्न गराउने वा अश्लील चित्रण (pornogaraphy), इन्टरनेट मार्फत यौन शोषण र दूर्व्यवहार गर्ने आदि पर्दछन् । बाल यौन दूराचार र बाल अश्लील चित्रण आजको युगको सबैभन्दा ठूलो समस्या हो ।

(५) बाल श्रम र बाल दासता (Child Slavery): कानूनले छुट गरेको उमेरको हद र कामको प्रकृति बाहेकका काममा बालबालिकाहरूलाई संलग्न गराउनु बालश्रम ठहर्छ । बालश्रम बालबालिकाहरूको शिक्षा र विकासका लागि



हानिकारक छन् । बाल दासता बालश्रम भन्दा पनि निकृष्ट हुन्छ । अरू कसैको मुनाफा वा लाभका लागि बालबालिकाको शोषण गर्नुको अर्थ नै बाल दासता हुन् । ऊँट दौड र सर्कसमा लगाउन, माग्ने बनाउन, घरेलु कामदार बनाउन, उद्योग कलकारखानामा प्रयोग गर्न, यातायात मजदूर बनाउन, रोडा गिट्टी कुट्न, मिहिन काममा लगाउन, बाल सैन्य बनाउन, यौन कार्यमा लगाउन र बाल विवाह गर्न बालबालिकाको बेचबिखन हुने गर्दछ । यसलाई बाल दासता भनिन्छ ।

(६) बाल विवाह, कलिलो उमेरमा हुने विवाह र करकापमा गरिने विवाह (Child Marriage, Early Marriage and Forced Marriage) : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून अनुसार १८ वर्षभन्दा कम उमेरको व्यक्तिलाई बालबालिका भनि परिभाषित गरिएको छ । मुलुकहरूको कानून अनुसार विवाहको न्यूनतम उमेर फरक फरक हुन सक्दछ । नेपालको कानून अनुसार २० वर्ष नपुगेसम्म विवाह गर्न पाइँदैन । अन्यथा बाल विवाह ठहर्छ र कानून अनुसार बदरभागी छ ।



यदि कुनै व्यक्तिलाई आफ्नो ईच्छा र सहमति बेगर विवाह गर्न बाध्य बनाइन्छ भने त्यसलाई करकापमा गरिने विवाह भनिन्छ । विशेष गरि बालिका वा महिलाहरूलाई आफ्नो इच्छा विपरित कलिलो उमेरमा बिबाह गर्नुपर्ने अवस्थामा पारिन्छ । यसलाई पनि दासताका रूपमा लिइन्छ किनकि सानो उमेरमा र करकापमा विवाह गरेका बालिका तथा महिलाहरू श्रम दासता र यौन दासताको जीवन भोग्न बाध्य हुन्छन् । अतः बाल विवाहलाई दासताजन्य व्यवहार मानिन्छ ।

## ३. वर्तमान अवस्था

समाजमा पारिवारिक संरक्षण प्रणाली अत्यन्त कमजोर छ । के भयो भने मानव बेचबिखन वा मानव तस्करीमा परिन्छ भन्ने शिक्षा र चेतनाको अभाव छ । शिक्षा, सचेतना र संरक्षणका लागि भइरहेका सरकारी तथा गैरसरकारी प्रयासहरू बेचबिखनका उच्च जोखिममा रहेका समुदायसम्म पुग्न सकिरहेको छैन । जोखिममा रहेका समुदाय र पीडित/प्रभावितका लागि राज्य निर्देशित स्वचालित संरक्षण प्रणाली र पीडकहरू माथि स्वतःस्फूर्त (suo moto) कारवाही प्रकृया अवलम्वन नगरेसम्म मानव बेचबिखन र मानव तस्करीको अन्त्य सम्भव छैन । दलाल, पीडक तथा अपराधीहरूको परिवार, आफन्त, समाज, र राजनीतिक दलहरूसंगको नाता, सम्बन्ध र प्रभावले गर्दा उम्कने मौका पाइरहेका छन् । हाम्रो समाजमा जघन्य अपराधलाई पनि मेलमिलापमा टुंग्याउने परम्परा एवं सामाजिक न्याय प्रणाली, अपराध सहने प्रबृत्तिका साथै अपराधीलाई थोरै रकम हर्जाना तिराएर क्षमा दिने किसिमका व्यवहारले मानव वेचविखन र मानव तस्करको समस्या समाधान हुन गाऱ्हो छ ।

पीडित/प्रभावितहरूको संरक्षण र हेरचाह प्रभावकारी रूपमा हुन सकेको छैन । उनीहरूप्रति समाजको हेर्ने नकारात्मक र लाञ्छनापूर्ण दृष्टिकोणका साथै गरिने हेलायुक्त व्यवहारले पटक पटक पुनःपीडित भइरहनु पर्ने अवस्था छ । त्यसमाथि समयमै उचित स्याहार, संरक्षण, सुरक्षा, न्याय र क्षतीपूर्तिको सट्टा पीडकबाट डर धम्की खेपिरहनु परेकोछ ।

फलस्वरूप मानव बेचबिखन वा मानव तस्करी जस्तो जघन्य अपराध विरूद्ध उजुरी नदिई मौन बस्ने परम्परालाई नै बल पुऱ्याई रहेको छ ।

मानव बेचबिखनको समस्यालाई कसरी बुझ्ने र समाधान गर्ने भन्ने बारे सबै सरोकारवालाहरू बीच समान धारणा बनाउने र एकीकृत प्रयत्न गर्ने बानी परिसकेको छैन । वैदेशिक रोजगारको क्रममा मानव तस्करीको माध्यम अपनाउँदै श्रम शोषण र यौन शोषण हुन पुग्दा बेचबिखनका घटनाहरू बढ्दो क्रममा छ । नेपालमा मानव तस्करीलाई नियन्त्रण गर्ने कानून तथा सरकारी संयन्त्र प्रभावकारी हुन सकेको छैन । फेरी यस्ता घटनाका अभियुक्तहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन अनुसार कारवाही नगरि वैदेशिक रोजगार कानून अन्तर्गत मात्र कारवाही गर्ने परिपाटीले बेचबिखनले प्रश्रय पाइरहेको छ । यो राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय मुद्दा समेत भएको सन्दर्भमा यसको निरोध र नियन्त्रणका लागि इमान्दारिताका साथ गर्नुपर्ने लगानी र अपनाउनुपर्ने कार्यप्रणालीलाई सबै तहको सरकारले प्राथमिकताका राख्नुपर्ने अवस्था छ ।

खजुरा गाँउपालिकाका८ वटा वडाहरूको सन्दर्भमा मानव बेचबिखनको दृष्टिले वर्तमानमा निम्न अनुसारको जोखिमीको अवस्था विद्यमान रहेको देखिन्छ :

| वडा नं. | जोखिमीको प्रकार |
|---|---|
| १ | बाल विवाह, यौन दूर्व्यवहार, लागू औषध ओसारपसार, वैदेशिक रोजगारका नाममा मानव तस्करी |
| २ | बाल विवाह, बहुविवाह, यौन दूर्व्यवहार, लागू औषध ओसारपसार, वैदेशिक रोजगारका नाममा मानव तस्करी |
| ३ | बाल विवाह, बालश्रम, बहुविवाह, यौन कार्य तथा शोषण, छिमेकी मुलुकमा बेचबिखन, वैदेशिक रोजगारका नाममा मानव तस्करी |
| ४ | बाल विवाह, बालश्रम, बहुविवाह, यौन कार्य तथा शोषण, भारतमा आवतजावत |
| ५ | बाल विवाह, बालश्रम, बहुविवाह, यौन कार्य तथा शोषण, छिमेकी मुलुकमा बेचबिखन, वैदेशिक रोजगारका नाममा मानव तस्करी, लागू औषध ओसारपसार |
| ६ | बाल विवाह, बालश्रम, बहुविवाह, यौन कार्य तथा शोषण, वैदेशिक रोजगार |
| ७ | बाल विवाह, बालश्रम, बहुविवाह, मानव बेचबिखन, |
| ८ | बाल विवाह, बालश्रम, बहुविवाह, बालबालिका हराउने, वैदेशिक रोजगार, मौसमी बसाइसराइ, बालश्रम |

समग्रमा मानव बेचबिखन तथा ओसारपसार एक गम्भीर तथा संगठित वा असंगठित तरिकाले देशभित्र वा बाहिर भइरहेका जघन्य अपराध हो । मुलुकमा राणाकालीन शासन व्यवस्थादेखि संघीय गणतन्त्रको बहाली हुँदासम्म पनि मानव बेचबिखनको समस्या समाधान हुनुको सट्टा नयाँ आवरण र गतिशीलताका साथ जटिल बनेको छ । समाजमा व्याप्त पितृसतात्मक मान्यतामा आधारित धार्मिक परम्परा, कुरीति, अन्धविशवास र पुरानो सोच तथा व्यवहारले लैङ्गिक तथा जातिय भेदभाव अपेक्षित रूपमा हट्न सकेको छैन । महिला, बालिका, विपन्न, दलित, सीमान्तकृत वर्ग माथिको शोषण, दूर्व्यवहार, घरेलु हिंसा र बाल विवाह अद्यापि कायमै रहेको छ । विगतका सामाजिक आर्थिक विकास र राजनीतिक परिवर्तनले जोखिम समुदायको सशक्तिकरण गर्ने र मानवीय विकासको पक्षलाई प्राथमिकतामा राख्ने कुरामाथि विचार पुऱ्याउन सकेन । पूर्वाधारको निर्माणलाई मात्र विकास देख्ने सोच र परिपाटिमा परिवर्तन गरि महिला, बालिका, विपन्न, दलित, सीमान्तकृत वर्गको शोषण र बेचबिखनको जोखिमीप्रति संवेदनशील भई समता र समावेशीतामा आधारित सामाजिक आर्थिक विकासका नीति, योजना तथा कार्यक्रमहरूको पहिचान, कार्यान्वयन र अनुगमनमा विशेष ध्यान पुऱ्याउन जरूरी छ ।

## ४. रणनीतिक योजनाको आवश्यकता

समाजमा मानव बेचबिखन, मानव तस्करी, बाल विवाह, बालश्रम लगायत विभिन्न प्रकारका लैङ्गिक हिंसाको परिवेश विद्यमान छउन्जेल ती समस्याहरूका कारण महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, मात्र होइन पुरुष, परिवार, समुदाय, स्थानीय सरकार र सिङ्गो राष्ट्रको आर्थिक तथा सामाजिक स्वास्थ्यमा समेत प्रतिकुल प्रभाव पारिरहने छ । राज्यले ठूलो श्रोत बेचबिखन र हिंसा प्रभावित महिला र बालबालिकाको शारीरिक तथा मनोबैज्ञानीक स्वास्थ्य एवं पुनर्स्थापना तथा न्याय निरूपणका लागि लगानी गरिरहनु पर्ने हुन्छ । यो अवस्थामा मुलुकको कुल उत्पादकत्व क्षमता बृद्धि हुन सक्दैन र यसको नकारात्मक प्रभाव कुल गार्हस्थ उत्पादनमा पर्न जान्छ ।

नेपाल दासता विरूद्धको महासन्धि, बाल अधिकार सम्बन्धी महासन्धि, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, नागरिकहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि लगायत विभिन्न मानव अधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्र पनि हो । ती महासन्धिहरू अनुसार मानव बेचबिखन नियन्त्रण तथा लैङ्गिक हिंसा निवारण गर्नका लागि नीति तथा कार्यक्रमहरू तर्जुमा गरि दिगो विकास लक्ष २०३० अनुसार कार्यक्रम कार्यान्वयन गर्नु समेत सबै तहको सरकारको दायित्व हो ।

संयुक्त राष्ट्र संघीय महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि अन्तर्गत नेपालले प्रस्तुत गरेको छैठौं आवधिक प्रतिवेदनका बारे महिला विरूद्ध भेदभाव उन्मूलन गर्ने समिति (CEDAW Committee) को १६३१ औं र १६३२ औं बैठकमा छलफल भई नेपाल सरकारलाई मानव बेचबिखन तथा लैङ्गिक र अन्य प्रकारका शोषण लगायत सार्वजनिक र निजी क्षेत्रमा महिला र बालिकाविरूद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्न समिति पक्ष राज्यलाई दिगो विकास लक्ष्यको ५.२ मा लक्षित हुन ध्यानाकर्षण गराउँदछ र देहाय बमोजिमका सिफारिस गर्दछ भनी निश्कर्ष टिप्पणी गरेको छ :

(क) वैदेशिक रोजगारमा जान इच्छुक महिला कामदारहरूमा लागू गरिएको प्रतिबन्ध फुकुवा गर्ने र ग्रामिण, विस्थापित, आदिवासी जनजाति र दलित महिला तथा बालिकाहरूमा बेचबिखनका जोखिम र बेचबिखनको अपराधिक प्रकृतिका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने;

(ख) बेचबिखनका पीडितहरू समयमा नै पहिचान गर्ने र तिनीहरूलाई सुरक्षा सेवा प्रदान गर्ने सुनिश्चित गर्न आधारभूत कार्यविधि अवलम्वन गर्ने र त्यसका विषयवस्तु न्यायिक तथा कानून कार्यान्वयन गर्ने अधिकार र सेवा प्रदायकहरूलाई प्रदान गरिने प्रशिक्षणमा पनि समावेश गर्ने;

(ग) साक्षी र पीडितको सुरक्षा सम्बन्धी विधेयक अविलम्व पारित गर्ने र नेपाल प्रहरी प्रतिष्ठान तथा राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत पीडितको संरक्षण सम्बन्धी राष्ट्रिय न्यूनतम मापदण्डबारे प्रशिक्षण प्रदान गर्ने;

(घ) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको संशोधन विधेयकलाई Protocal to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Childrenसँग मेलखाने गरि अविलम्ब परिमार्जन गर्ने र विश्वव्यापी आवधिक पुनरावलोकनका बखत गरिएका प्रतिबद्धता बमोजिम हुने गरी उक्त प्रोटोकल अविलम्ब अनुमोदन गर्ने;

(ङ) कसूरको गम्भीरता बमोजिम सजाय निर्धारण हुने र बेचबिखनका पीडितहरू आपराधिक दायित्वबाट मुक्त हुने कुराको सुनिश्चितता गरी महिला तथा बालबालिकाको बेचबिखन, भ्रष्टाचार र राज्यका अधिकारहरूको मिलेमतो सम्बन्धी मुद्दाहरूको अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय निर्धारण गर्ने;

(च) बेचबिखनबाट पीडित महिला र बालिकाहरूलाई कानूनी परामर्श, स्वास्थ्य उपचार, मनोवैज्ञानिक सहयोग, पुनःस्थापना र क्षतिपूर्तिमा पहुँच लगायत निजहरूलाई पर्याप्त सुरक्षा र उपचार प्रदान गरिने सुनिश्चतता गर्न पुनर्स्थापना केन्द्रहरूमा पर्याप्त श्रोतहरूको व्यवस्था गर्ने ।

सो तथ्यलाई बोध गरि नगरपालिका क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न खजुरा गाँउपालिकाले महत्वका साथ यो रणनीतिक योजना तय गरि कार्यान्वयनमा ल्याएको हो । यो रणनीतिक कार्ययोजनाको कार्यान्वयन समयावधि पाँच वर्ष कायम गरिएको छ ।

## ५. रणनीति कार्ययोजनाका सिद्धान्तहरू

देहायका सिद्धान्तका आधारमा यस रणनीतिक कार्ययोजना निर्माण गरिएको छ :

(क) अविभेद (Non-discrimination):प्रभावितहरू माथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(ख) बालबालिकाको सर्बोत्तम हित (Best interest of children) : यो रणनीतिक कार्ययोजनाले बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी राखेको छ ।

(ग) सारभूत समानता (Substantive equality): यो रणनीतिक कार्ययोजनाले लैङ्गिकताका सवालमा सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाइ आत्मसात गरेको छ ।

(घ) समता (Equity): यस रणनीतिक कार्ययोजनाले प्रभावितहरूका लागि समताको व्यवहार स्वरूप सकारात्मक विभेद गर्नुपर्ने सिद्धान्तलाई स्वीकार्दछ ।

(ङ) कोही पछाडि नछुटुन (No one leave behind): यस रणनीतिक कार्ययोजनाले दिगो विकास लक्ष्य अनुसार प्रभावितहरू कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणालाई अपनाएको छ ।

(च) कसैलाइ हानि  नपुऱ्याउने (Do no harm): यस रणनीतिक कार्ययोजनाले कसैलाई पनि हानि नोक्सानी वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(छ) शून्य सहनशीलता (Zero tolerance): यो रणनीतिक कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा लैङ्गिक हिंसा र मानव बेचबिखनका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(ज) गोपनीयताको अधिकार (Rights to Privacy) : यो रणनीतिक कार्ययोजनाले लैङ्गिक हिंसा र मानव बेचबिखनबाट प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

(झ) पीडित/प्रभावितको संरक्षण (Protection of the victims/survivors):यो रणनीतिक कार्ययोजनाले मानव बेचबखिनबाट प्रभावितहरूको संरक्षण र सुरक्षाका लागि प्रत्याभूति दिलाउनु पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

(ञ) न्यायमा पहुँच तथा द्रूत न्याय (Fast track court): यो रणनीतिक कार्ययोजनाले लैङ्गिक हिंसा र मानव बेचबिखनबाट प्रभावितहरूका लागि द्रूत न्यायको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(ट) साझेदारिता र सहकार्य(Partnership and collaboration) : यो रणनीतिको प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएकोछ ।

(ठ) सकारात्मक सोच (Appreciative inquiry) :यो रणनीति सकारात्मक सोच तथा परिवर्तन संभव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

## ६. दूरदृष्टि

मानव बेचबिखन मुक्त सुखी र समृद्ध नगरपालिका

## ७. ध्येय

लैङ्गिक, सामाजिक तथा जातिय विभेदमा परेका मानव बेचबिखनको जोखिमीमा रहेका आर्थिक रूपमा विपन्न सीमान्तकृत समुदायको जीवनस्तरमा सुधार ल्याउने।

## ८. लक्ष

सन् २०३० सम्ममा खजुरा गाँउपालिका क्षेत्रमा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायका लागि शिक्षा, सचेतना, सीप र रोजगारीका अवसरहरूको सिर्जना गरी मानव बेचबिखनको समस्यालाई पूर्ण रूपमा नियन्त्रण गर्ने।

## ९. उद्देश्य

१ विभिन्न निरोधात्मक उपायहरू अवलम्वन गरी खाजुरालाई मानव बेचबिखन मुक्त खजुरा गाँउपालिका घोषणा गर्ने।

२ मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले जोखीम भनी पहिचान भएका वर्ग समुदायको संरक्षण र हितको पक्षमा सामुदायिक सतर्कता र निगरानीलाई संस्थागत गर्ने।

३ मानव बेचबिखन तथा ओसारपसाबाट पीडित/प्रभावित भएका व्यक्तिहरूको घटना व्यवस्थापन र न्यायमा पहुँचका लागि सहयोगी वातावरण निर्माण गर्ने।

४ मानव बेचबिखन तथा ओसारपसार विरूद्ध स्थानीय सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्दै आपसी समन्वय र सहकार्यलाई सुदृढ बनाउने।

## १०. रणनीति तथा कार्यनीतिहरू

### उद्देश्य १ संग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू

रणनीति १.१ : खजुरा गाँउपालिकाका सबै वडाहरूमा कुन वर्ग वा समुदाय मानव बेचबिखन र मानव तस्करीको जोखिममा छन् वा प्रभावित भइरहेका छन् भन्ने बारे अध्ययन गरि स्थिति विश्लेषण गर्ने।

- सबै वडाहरूमा विभिन्न समुदायका महिला, बालबालिका, युवा, पुरुष, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू कुन प्रकृतिको मानव बेचबिखन, यौन तथा श्रम दासता र मानव तस्करीका लागि जोखिममा छन् वा परिणामहरू भोग्न बाध्य छन् सो स्थिति पत्ता लगाउन अध्ययन सर्वेक्षण गर्ने।
- मानव बेचबिखन तथा मानव तस्करी बारे खजुरा गाँउपालिका र वडा स्तरीय तथ्याङ्क अद्यावधिक राख्ने।

रणनीति १.२ : मानव बेचबिखन तथा मानव तस्करीलाई बढावा दिने हानिकारक सामाजिक मूल्य मान्यता, सोच र व्यवहार परिवर्तन गरि बेचबिखनको अन्त्य गर्न खजुरा गाँउपालिकाका नीति योजना तथा कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरूलाई मूलप्रवाहीकरण गर्ने ।

- खजुरा गाँउपालिकाबाट निर्मित विभिन्न नीति कानून, योजना र कार्यक्रमहरूलाई लैङ्गिक संवेदनशीलता, मानव बेचबिखन र लैङ्गिक हिंसा निवारणका दृष्टिकोणबाट पुनरावलोकन गरि सो विषयहरूलाई समायोजन गर्ने ।

- घरपरिवार लगायत औपचारिक तथा अनौपचारिक क्षेत्रमा मानव बेचबिखन, मानव तस्करी, यौन दूर्व्यवहार र श्रम शोषण विरूद्ध सम्झौता हुन नसक्ने आधारभूत मापदण्ड सहितको विशेष नीति तथा कार्यक्रमहरू बनाई लागू गर्ने ।

- विपद्बाट उत्पन्न हुन सक्ने मानव बेचबिखनको जोखिमी न्यूनीकरणका उपायहरू समेतलाई समावेश गरि विपद् व्यवस्थापन सम्बन्धी पूर्व तयारी तथा उद्धार सम्बन्धी नीति तथा कार्यक्रमहरू लागू गर्ने ।

रणनीति १.३ खजुरा गाँउपालिकामा मानव बेचबिखनलाई अन्त्य गर्न लैंङ्गिक मैत्री र बालमैत्री वडा घोषण

रि विभिन्न प्रकारका सचेतना अभियान सञ्चालन गर्ने ।

- खजुरा गाँउपालिकाका वडाहरूलाई क्रमिक रूपमा लैंङ्गिक मैत्री र बालमैत्री बनाउन विभिन्न मापदण्डहरू बनाई अभियान सञ्चालन गर्ने ।

- राजनीतिक दल, धार्मिक संस्था, शिक्षण संस्था, निजी क्षेत्र, पेशागत संघसंस्था, सञ्चार क्षेत्र, नागरिक समाज, प्रहरी एवं स्वास्थ्य सेवा प्रदायकहरूसँग निरन्तर रूपमा लैंङ्गिक हिंसा र बेचबखिन विरूद्ध तथ्यमा आधारित संवाद/प्रशिक्षण/वकालत गर्ने ।

- यातायात व्यवसाय, होटेल, पर्यटन तथा मनोरञ्जन क्षेत्रका सञ्चालकहरूसँग कार्यस्थलमा हुने यौन दूर्व्यवहार, यौन शोषण तथा श्रम शोषण नियन्त्रण सम्बन्धी संवाद र अन्तरक्रिया गरि महिलाहरूका लागि सुरक्षित तथा सम्मानित कार्यस्थल निर्माण गर्ने ।

- मानव बेचबिखन विरूद्ध महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अभिभावकहरूलाई लक्षित गरि सडक नाटक, डकुमेन्ट्री, फिल्म प्रदर्शन लगायत विभिन्न सामाजिक सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने ।

लैङ्गिक भेदभाव, वैदेशिक रोजगार, घरेलु हिंसा, आदि कारणबाट पारिवारिक बिखण्डन भई मानव बेचबिखन र मानव तस्करी हुन जाने विषयमा सचेत गराउन विद्यालय लक्षित शैक्षिक पाठ्यक्रम परिमार्जन लगायत अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने ।

- लैङ्गिक भेदभाव, वैदेशिक रोजगार, घरेलु हिंसा, मानव बेचबिखन र मानव तस्करी विरूद्ध विभिन्न सूचना सामग्री निर्माण गरि टि भी रेडियो आदि संचार माध्यमबाट प्रचार प्रसार गर्ने ।

रणनीति १.४ : सुरक्षित आप्रवासनका सम्बन्धमा र मानव बेचबिखन तथा मानव तस्करी विरूद्ध सबै

वडाहरूमा सूचना केन्द्रको व्यवस्था गरि कानूनी सचेतना अभिबृद्धि गर्ने ।

- सुरक्षित आप्रवासनका सम्बन्धमा र मानव बेचबिखन तथा मानव तस्करी विरूद्ध सबै वडाहरूमा सूचना तथा परामर्श केन्द्र स्थापना गरि सञ्चालन गर्ने ।

- सुरक्षित आप्रवासन, मानव बेचबिखन तथा मानव तस्करी नियन्त्रण सम्बन्धी कानूनी प्रावधानहरूबारे सरल भाषामा पुस्तिका तयार पारि व्यापक रूपमा कानूनी सचेतना अभिवृद्धि गर्ने ।

- मानव बेचबिखन तथा मानव तस्करी नियन्त्रण सम्बन्धी कानूनी प्रावधानहरू बारे जनप्रतिनिधिहरूलाई प्रशिक्षण दिने ।

उद्देश्य २ संग सम्बन्धित रणनीतिहरू

रणनीति २.१ : मानव बेचबिखन नियन्त्रण गर्न समुदायमा पारिवारिक संरक्षण प्रणाली तथा मानवीय सम्बन्धको सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने ।

- आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत समुदायको लैङ्गिक हिंसा, शोषण  र बेचबिखनमुक्त सम्मानित तथा सुरक्षित जीवन बाँच्न पाउने अधिकार र वातावरणको सुनिश्चिता गर्न गरिबी निवारण कोष निर्माण गर्ने ।

- वडा कार्यालयहरूहरूले मौजुदा मानव संसाधन (महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक परिचालक, आमा समूह, किशोर किशोरी समूह, बाल क्लब सञ्जाल, महिला निगरानी समूह, टोल विकास समिति आदि) लगायत आर्थिक श्रोत र संरचनाहरूलाई प्रभावकारी रूपमा परिचालन गरि घरपरिवारको अवस्था अनुगमन गर्ने गराउने ।

- वैदेशिक रोजगारका कारण उत्पन्न पारिवारिक हिंसा तथा विखण्डनलाई सम्बोधन गर्न वडा कार्यालयहरूहरूको अगुवाईमा सबै वडाहरूमा बेचबिखन, यौन दूर्व्यवहार, श्रम शोषण र बाल विवाह विरूद्ध अभिभावकीय शिक्षा (Parenting education) लाई व्यापक बनाउने ।

- लागू औषध दूर्व्यसन, मादक पदार्थ सेवन, जुवातास तथा सामाजिक सञ्जाल/नयाँ प्रविधिको दुरूपयोग आदिबाट उत्पन्न यौन शोषण, बेचबिखन लगायतका विकृतीहरू विरूद्ध वडा कार्यालय, नेपाल प्रहरी, स्वास्थ्य, शिक्षा एवं गै.स.स.हरूसँग समन्वय गरि शिक्षक, सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयमसेविका, महिला अधिकारकर्मी, बालक्लब/सञ्जाल, किशोरीहरू परिचालन गरि परिवार भेटघाट, सल्लाह, परामर्श र अनुगमनको अभियान चलाउने ।

रणनीति २.२ मानव बेचबिखन विरूद्ध अग्रीम सूचना र निगरानी प्रणालीलाई सुदृढ बनाउने ।

- प्रहरी तथा समुदायका अगुवा महिला, पुरुष, युवा, किशोरीहरूको माध्यमबाट मानव बेचबिखन विरूद्ध समुदायमा अग्रीम सूचना प्राप्त गर्ने पद्धतिलाई संस्थागत गर्ने ।

  मानव बेचबिखनबारे सूचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था गर्ने ।

रणनीति २.३ : मानव बेचबिखन तथा मानव तस्करीका दृष्टिले जोखिम समुदायहरूमा समुदायमा आधारित

निगरानी समूहहरू गठन गरि परिचालन गर्ने ।

- वडाहरूमा प्रहरी, विद्यालय, महिला समूह, बालक्लब, किशोरकिशोरी समूह, युवा क्लब र धर्मगुरूहरू तथा पुरुषहरूको प्रतिनिधित्व हुने गरि मानव बेचबिखन तथा मानव तस्करी विरूद्ध समुदाय स्तरमा निगरानी समूहहरू गठन गर्ने ।

- समुदायमा आधारित निगरानी समूहहरूलाई लागू औषध दूर्व्यसन, मादक पदार्थ सेवन, जुवातास तथा सामाजिक सञ्जाल/नयाँ प्रविधिको दुरूपयोग आदिबाट उत्पन्न लैङ्गिक हिंसा, यौन शोषण तथा दूर्व्यवहार, मानव बेचबिखन र मानव तस्करी रोकथाम गर्ने सम्बन्धी कृयाकलापहरूबारे कार्यविवरणमा समावेश गरि प्रशिक्षण दिने र परिचालन गर्ने ।

रणनीति २.४ : मानव बेचबिखन विरूद्ध विपन्न समुदायका महिला तथा किशोरीहरूको शैक्षिक तथा आर्थिक सशक्तिकरण गर्ने ।

- आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा सीमान्तकृत परिवारका बालबालिकालाई १२ कक्षा सम्म निशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था गर्ने ।

- विद्यालय बाहिरका किशोरकिशोरीहरूलाई मानव बेचबिखन विरूद्ध जीवन उपयोगी शिक्षा प्रदान गर्ने ।

- मानव बेचबिखन तथा मानव तस्करीका लागि जोखिम महिला, किशोरी तथा युवाहरूको आर्थिक सशक्तिकरण तथा रोजगारीका लागि गैरपारम्परिक आय आर्जनका कार्यक्रमहरूमा लगानी बृद्धि गर्न निजी क्षेत्र एवं गैरसरकारी संस्थाहरूसँग समन्वय र सहजीकरण गर्ने ।

<u>उद्देश्य ३ संग सम्बन्धित रणनीतिहरू</u>

रणनीति ३.१ मानव बेचबिखनका घटनाहरूबाट पीडित/प्रभावितहरूको सुरक्षा र संरक्षण सुनिश्चत गर्ने ।

- प्रभावितहरूको सहयोग तथा पुनर्स्थापनाका लागि नगरपालिका क्षेत्रमा कार्यरत विभिन्न सरकारी निकायहरू तथा गैर सरकारी संस्थाहरूको कार्यक्रम, संस्थागत क्षमता सहितको अद्यावधिक विवरण संकलन गरि प्रभावकारिता मूल्याङ्कन गर्ने ।

- मनोसामाजिक परामर्शदाता, स्वास्थ्य सेवा प्रदायक तथा कानूनी सहायताका लागि स्थापित संयन्त्रमा उपलब्ध जनशक्तिको लगत अद्यावधिक गरि अपुग भएको क्षेत्रमा विशेषज्ञ/प्राविधिक जनशक्ति तयार गरि परिचालन गर्न सहयोग गर्ने ।

- प्रहरी अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र लगायत कानूनी सहायता, मनोविमर्श सेवा प्रवाहका लागि सरोकारवालाहरूसँग समन्वय गर्ने ।

रणनीति ३.२ मानव बेचबिखनका घटनाबाट प्रभावितहरूलाई अधिकारमूखी अवधारणाबाट गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

- नेपाल सरकारको नीति अनुसार जिल्ला सदरमुकाममा सञ्चालित पुनर्स्थापना केन्द्र र अस्पताल अन्तर्गतको एकद्वार संकट व्यवस्थापन केन्द्रसँग सम्पर्क गरि प्रभावितहरूलाई आवश्यक सेवा सुविधा बारे प्रभावकारिता सुनिश्चित गर्ने ।

खजुरा गाँउपालिकाका सबै पदाधिकारीहरूलाई प्रभावितहरूको संरक्षणको अधिकार र गोपनीयताको अधिकार बारे अभिमूखीकरण गर्ने ।

- खजुरा गाँउपालिकाक्षेत्रका मानव बेचबिखनबाट प्रभावित विशेष गरि महिला तथा किशोरीहरूका लागि आवश्यकता अनुसार संस्थागत हेरचाहका लागि मध्यकालीन संरक्षण गृह स्थापना र सञ्चालन गर्ने ।
- दीर्घकालीन संस्थागत हेरचाहको आवश्यकता रहेका प्रभावितहरूलाई उपयुक्तता अनुसार जिल्ला भित्र वा बाहिरका पुनर्स्थापना केन्द्रहरूमा सिफारिस गर्ने व्यवस्था मिलाउने ।

रणनीति ३.३ मानव बेचबिखनका घटनाबाट प्रभावित महिला तथा किशोरीहरूलाई समाज तथा परिवारमा

पुनःएकीकरणको लागि सक्षम वातावरणको निर्माण गर्ने ।

- प्रभावितहरूको आत्मवल बृद्धिको लागि मनोसामाजिक परामर्शका साथै जीवन उपयोगी शिक्षा र सीप दिई पारिवारिक/सामाजिक पुनःएकीकरण गर्ने ।
- परिवारमा निरन्तर भेटघाट र अनुगमन गरि प्रभावितहरू प्रति गर्नुपर्ने व्यवहार तथा सहयोग बारे परिवारका सदस्यहरूलाई आवश्यकता अनुसार परामर्श दिने ।
- प्रभावितहरूको क्षमता र योग्यता एवं वजारको सम्भाव्यता अनुसार नयाँ सीप प्रविधि बारे उद्यमशीलता तालिम दिई स्वरोजगार वा व्यवसायका लागि सक्षम बनाउने ।
- खजुरा गाँउपालिकाअन्तर्गत सिर्जना हुने रोजगारका अवसरहरूमा प्रभावितहरूलाई उनीहरूको योग्यता र क्षमता अनुसार विषेश प्राथमिता दिने नीति बनाई पहुँच अभिबृद्धि गर्ने ।
- प्रभावितहरूलाई व्यावसायिक कृषिमा संलग्न गराउने बारे सम्भाव्यता अध्ययन गरि योजना बनाउने ।

